"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

# धरान उपमहानगरपालिका

## DHARAN SUB-METROPOLITAN CITY

## नगर कार्यपालिकाको कार्यालय

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :- ४०१६

### छात्रवृत्ति कार्यक्रमका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०७७।११।२१

धरान उपमहानगरपालिका, नगर सभाबाट आ.व.२०७७।७८ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शिक्षा तर्फ उच्च तह प्राविधिक शिक्षा अध्ययन गर्ने छात्र /छात्रा र गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउन कार्यक्रम तथा बजेट विनियोजन भएकोमा उक्त छात्रवृत्तिका लागि इच्छुक विद्यार्थीहरुले देहायका शर्तहरुको अधीनमा रहि सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा आवेदन पेस गर्न यस कार्यालयको मिति २०७७।११।१७ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

रत्नबहादुर कटुवाल
उपसचिव (अधिकृतस्तर दशौं)

तपसिलः

१. उच्च तह प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिका लागिः

क. आवेदन पेस गर्ने विद्यार्थी धरान उपमहानगरपालिकाभित्रका सामुदायिक शिक्षण संस्थामा स्नातक तह वा सो भन्दा माथिल्लो तहमा प्राविधिक शिक्षा अध्ययनरत रहेको हुनुपर्ने,

ख. विद्यार्थी तथा अभिभावकहरुको स्थायी ठेगाना धरान उपमहानगरपालिकाभित्र हुनुपर्ने,

ग. आवेदन पेस गर्ने विद्यार्थीले आँफू अध्ययनरत शिक्षण संस्थाबाट विद्यार्थी नियमित रुपमा अध्ययनरत रहि जेहेन्दार रहेको भन्ने सिफारिस र सम्बन्धित वडा कार्यालयले आर्थिक अवस्थाको जाँचबुझ गरी विपन्न लक्षित वर्गभित्र पर्ने अभिभावकको विद्यार्थी भनी सिफारिस गरेको हुनुपर्ने ।

education@dharan.gov.np

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद महाशाखा
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

FN 30

पत्र संख्या :-
चलानी नं. :- ४०९६

२. गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्तिका लागिः

क. आवेदन पेस गर्ने विद्यार्थी धरान उपमहानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेको हुनुपर्ने,

ख. आवेदन पेस गर्ने विद्यार्थीले आँफू अध्ययनरत विद्यालयबाट विद्यार्थी नियमित रुपमा विद्यालयमा अध्ययनरत रहि जेहेन्दार रहेको भन्ने सिफारिस र सम्बन्धित वडा कार्यालयले आर्थिक अवस्थाको जाँचबुझ गरी विपन्न लक्षित वर्गभित्र पर्ने अभिभावकको विद्यार्थी भनी सिफारिस गरेको हुनुपर्ने,

ग. कुनै संघ संस्थाले गरिब, असहाय, अशक्त एवम टुहुरा बालबालिकाहरुको संरक्षण गरी पालन पोषण तथा अध्ययन अध्यापन गराइरहेको भएमा सो संस्थाले बालबालिकाहरुको नाम, थर, स्थायी ठेगाना, हाल अध्ययनरत विद्यालय र अध्ययनरत कक्षा सहितको यथार्थ विवरण सहित छात्रवृत्तिका लागि आवेदन दिन सक्नेछ ।

पुनश्चः *माथी उल्लिखित दुवै किसिमका छात्रवृत्ति कार्यक्रममा नेपाल सरकार वा अन्य कुनै सरकारी निकायबाट कुनै किसिमको छात्रवृत्ति पाइरहेका विद्यार्थीहरुलाई सहभागी नगराइने व्यहोरा समेत जानकारी गराइन्छ ।*

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

बोधार्थः

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र Website मा राखिदिनु हुन ।

education@dharan.gov.np